**Lang. Code : 13**

इस पुस्तिका में **20** पृष्ठ हैं ।
This booklet contains **20** pages.

# AAT-20-I

**प्रश्न-पत्र I / PAPER I**
**नेपाली भाषा परिशिष्ट**
**Nepali Language Supplement**
**भाग IV & V / PART IV & V**

**परीक्षा पुस्तिका संकेत**
**Test Booklet Code**

**I**

**परीक्षा पुस्तिका संख्या**
**Test Booklet No.**

**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए ।**
**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 19 व 20)पर दिए निर्देशों को ध्यान से पढ़ें ।**
**Read carefully the Instructions on the Back Cover (Page 19 & 20) of this Test Booklet.**

**नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें । / For instructions in Nepali see Page 2 of this Booklet.**

## परीक्षार्थियों के लिए निर्देश

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं** ।
2. परीक्षार्थी भाग I, II, III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से ।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं । भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं ।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल काले/नीले बॉल पॉइंट पेन** का प्रयोग करें ।
5. इस भाषा पुस्तिका का **संकेत** है **I** । यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है । अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा I - (नेपाली) (प्र. 91 से प्र. 120)
   भाग-V : भाषा II - (नेपाली) (प्र. 121 से प्र. 150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं । इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं । **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए । जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए ।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो ।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें ।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें । अपने उत्तर ध्यानपूर्वक अंकित करें । उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है ।

## *INSTRUCTIONS FOR CANDIDATES*

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Parts I, II, III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Black/Blue Ball Point Pen only** for writing particulars on this page / marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **I**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Test Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part-IV : Language I - (Nepali) (Q. 91 to Q. 120)
   Part-V : Language II - (Nepali) (Q. 121 to Q. 150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language-I and/or Language-II is a Language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The language being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part -V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

परीक्षार्थी का नाम (बड़े अक्षरों में) : ____________________
Name of the Candidate (in Capitals) :
अनुक्रमांक : (अंकों में) ____________________
Roll Number : in figures
: (शब्दों में) ____________________
: in words
परीक्षा केन्द्र (बड़े अक्षरों में) : ____________________
Centre of Examination (in Capitals) :
परीक्षार्थी के हस्ताक्षर : ____________ निरीक्षक के हस्ताक्षर : ____________
Candidate's Signature : Invigilator's Signature :
Facsimile signature stamp of
Centre Superintendent ____________________

I

**Lang. Code : 13**

# AAT-20-I

**परीक्षा पुस्तिका संङ्केत**

**I**

यस पुस्तिकामा **20** पृष्ठ छन् ।

**प्रश्नपत्र I**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**भाग IV र V**

**यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ ।**

**यो परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा (पृष्ठ 19 व 20) दिइएको निर्देश ध्यानले पढ्नुहोस् ।**

**परीक्षार्थीहरूका लागि निर्देश :**

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो । ती परीक्षार्थीहरूका लागि **या** त भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन** ।
2. परीक्षार्थीले भाग I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट ।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V अन्तर्गत दिइएका छन् । भाषा परिशिष्टलाई तपाई अलग्गै माग्न सक्नुहुने छ ।
4. यो पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा चिह्न लगाउनका लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस् ।
5. यो भाषा पुस्तिकाको **सङ्केत** I हो । के सुनिश्चित गर्नुहोस् भने यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तरपत्रको **पृष्ठ**-2 एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ । यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ ।
6. यो पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा **60** वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन् ।
   भाग IV : भाषा I — (नेपाली) *(प्र. 91 बाट प्र. 120)*
   भाग V : भाषा II — (नेपाली) *(प्र. 121 बाट प्र. 150)*
7. भाग IV मा भाषा I का लागि 30 प्रश्न र भाग V भाषा II का लागि 30 प्रश्न दिइएका छन् । **यदि तपाईंको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यो भाषा सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस् जुन तपाईंको आवेदनपत्रमा अङ्कित थियो ।**
8. **परीक्षार्थीले भाग V (भाषा II) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा I (भाग IV) मा छानिएको भाषाबाट भिन्न होस् ।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस् ।
10. सबै उत्तर केवल OMR उत्तरपत्रमा अङ्कित गर्नुहोस् । आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस् । उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ ।

विद्यार्थीको नाम : ____________________

अनुक्रमाङ्क : अङ्कमा ____________________

: शब्दमा ____________________

परीक्षा केन्द्र : ____________________

परीक्षार्थीको हस्ताक्षर : ____________________ निरीक्षकको हस्ताक्षर : ____________________

Facsimile signature stamp of
Centre Superintendent ____________________

परीक्षार्थीहरूले **भाषा**-I का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part-IV** (**प्रश्न** 91-120) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

Candidates should attempt the questions from **Part-IV** (**Q.No. 91-120**), if they have opted **NEPALI** as **LANGUAGE-I** only.

## भाग – IV
## भाषा – I
## नेपाली

परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले Part-IV **(प्रश्न 91-120)** का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 91-99) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।**

लोकजीवनको अभिव्यक्तिका रूपमा लोकसाहित्यको अध्ययन हुन्छ । वास्तविक अर्थमा लोकसाहित्य श्रव्यकाव्य (लोकगीत, लोककथा, लोककविता, लोककाव्य, उखान आदि) र दृश्यकाव्य (लोकनाटक) हो । श्रव्यकाव्यको श्रवण र दृश्यकाव्यको दर्शन पनि प्रायोगिक पक्ष हो । लोकसाहित्यलाई शिक्षाको निम्ति प्रयोग गरिएको छ । उखानहरू लोकशिक्षाका सबभन्दा महत्त्वपूर्ण माध्यम हुन् । लोककथाहरू पनि बालशिक्षाका अत्यन्त प्रभावकारी माध्यम हुन् । पहेलीहरू बाल–बालिका र किशोरकिशोरीका बुद्धि विनोदका साधन हुन् । बालशिक्षामा निदरी र बाल–खेल गीतहरूको पनि प्रयोग गरिएको छ । परम्परागत रूपमा निरक्षरहरूका समाजमा प्रयोग हुँदै आएको शिक्षाका विभिन्न शैलीहरु आजका विद्यालयमा पनि उत्तिकै महत्त्वपूर्ण र प्रभावकारी छन् । तिनको सफल प्रयोगका निम्ति लोकसाहित्यका विविध विधाहरूको सङ्कलन आवश्यक छ । आधुनिक युगमा समाजलाई सचेत गराउन र सर्वसाधारण जनतासम्म विकासको सन्देश पुऱ्याउन सञ्चारकर्मीहरू विभिन्न भाषा, शैली र माध्यमको प्रयोग गर्छन् । लोकको आफ्नै भाषा, आकर्षक शैली र उचित माध्यमको प्रयोग भयो भने सन्देश प्रभावकारी हुन्छ । आज सञ्चारका मुद्रित र श्रव्य–दृश्य माध्यमबाट लोकसाहित्यको प्रयोग गरी सन्देशहरूको प्रसारण गरिन्छ । तर सन्देशका निम्ति लोकसाहित्यको प्रयोग गर्न पनि क्षेत्रकार्य गरी सामग्री सङ्कलन गर्नु आवश्यक छ ।

**91. विद्यालयमा शिक्षा सामग्रीका रूपमा लोकसाहित्यको प्रयोग गर्न कुन पूर्व तयारी आवश्यक छ ?**

(1) विद्यार्थीहरूलाई लोकसाहित्यको औचित्यबारे बुझाउनु

(2) लोकसाहित्यका विभिन्न विधाको सङ्कलन गर्नु

(3) सञ्चारका विविध माध्यमको प्रयोग गर्नु

(4) लोकवार्ताका अध्येताहरूलाई सम्मिलित गरी कार्यशाला आयोजन गर्नु

**92. लोकसाहित्य के हो ?**

(1) लोकजीवनको अभिव्यक्ति

(2) श्रव्यकाव्य

(3) दृश्यकाव्य

(4) श्रवण र दर्शन–कार्य

**93. लोकसाहित्यको सङ्कलनमा महत्त्वपूर्ण एउटा पक्ष कुन हो ?**

(1) सञ्चारका साधन
(2) निरक्षरहरूको समाज
(3) सञ्चारकर्मीको भाषा
(4) क्षेत्रकार्य

**94. 'पहेली'भन्नाले के बुझिन्छ ?**

(1) लोकजीवनमा प्रचलित लुकामारी गर्दै खेल्ने खेल
(2) रिङ कोरेर उफ्रिँदै खेल्ने खेल विशेष
(3) गीत गाउँदै गोलो घुमेर साथीलाई समाई थुनामा पार्ने किसिमको खेल
(4) प्रश्नोत्तर शैलीमा अड्को थापेर सोध्ने र उत्तर दिने किसिमको खेल

**95. तलका मध्ये कुन चाहिँ शिक्षाको एउटा माध्यम होइन ?**

(1) उखान
(2) लोककथा
(3) बाल–खेल गीत
(4) किशोर–किशोरीका बुद्धिविनोद

**96. लोकसाहित्यको प्रयोग गर्दै मानिसहरू माझ कुनै सन्देश पुऱ्याउन एउटा माध्यम कुन हो ?**

(1) रचनाकारको भाषा शैली
(2) शैक्षणिक भ्रमण
(3) श्रव्य–दृश्य माध्यम
(4) सडकमा गरिने प्रदर्शन

**97. 'निरक्षर' को विपरीतार्थक शब्द कुन हो ?**

(1) अक्षर
(2) क्षर
(3) हस्ताक्षर
(4) साक्षर

**98. तलका मध्ये कुन कथन उपयुक्त छ ?**

(1) जनताका माझमा नीति शिक्षाका निम्ति तयार पारिएको सामग्री लोकसाहित्य हो
(2) लोकको आफ्नै भाषामा सिर्जित साहित्यको थोरै महत्त्व हुन्छ
(3) आनन्दका साथै लोककथाले प्रभावकारी ढङ्मा बालक–बालिकाहरूलाई शिक्षा प्रदान गर्छ
(4) सञ्चारका माध्यम बिना आजको युगमा लोकसाहित्यको कुनै अस्तित्व छैन

**99. 'निदरी' भनेको के हो ?**

(1) नानीहरूका निम्ति तयार पारिएको शिक्षा सामग्री
(2) नानीहरू सुताउँदा गाइने एक प्रकारको गीत
(3) नानीहरूलाई बिहान निद्राबाट उठ्ने आह्वान गरी गाइने गीत
(4) नानीहरूले खेल्दा गाउने समूह गीत

**निर्देश : दिइएको कविता पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 100-105) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।**

सानैदेखि छुचो हुन्छ दुष्ट मानिसको मति
घोचने जङ्गली काँढा पहिले नै तिखा कति ।
मिलेर काम गर्नाले हुन्छ अत्यन्त फायदा
एकता हेर कस्तो छ मौरीको महमा सदा ।
उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर
फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र ।
धर्म हो धीरको धैर्य राखनु दुःखजालमा
मानू मौनव्रती हुन्छ कोइली शीतकालमा ।
मूर्खका मनमा अर्ती गाली तुल्य बिझाउँछ
दूध पान गरी सर्प खाली विष बहाउँछ ।

**100. कवितामा 'मौरीको मह' पदावली कुन कुराको दृष्टान्तका लागि आएको छ ?**

(1) फाइदाको
(2) एकताको
(3) स्वादको
(4) सौन्दर्यको

**101. फलेको वृक्षको हाँगो तथा निहुरिने गुणी व्यक्तिले कस्तो चरित्र बुझाउँछन् ?**

(1) बुद्धिमान
(2) विनयी
(3) गम्भीर
(4) जाँगरी

**102. शीतकालमा कोइलीको स्वभाव कस्तो भएको हुन्छ ?**

(1) चञ्चल
(2) दुष्ट
(3) शान्त
(4) दुखी

**103. 'उपकारी' को विपरीतार्थक शब्द कुन हो ?**

(1) अपकारी
(2) परोपकारी
(3) स्वेच्छाचारी
(4) सदाचारी

**104. 'मूर्ख' शब्दबाट 'मुर्ख्याइँ' बनिन्छ भने त्यहाँ शब्दको रूप परिवर्तन हुने प्रक्रिया कुन हो ?**

(1) नामबाट विशेषण

(2) विशेषणबाट नाम

(3) नामबाट नाम

(4) विशेषणाबाट विशेषण

**105. उपर्युक्त कविताले कुन किसिमको शिक्षा वा सन्देश दिएको छ ?**

(1) धार्मिक

(2) सांस्कृतिक

(3) व्यापारिक

(4) नैतिक

**निर्देश : उपयुक्त विकल्प को चयन गरी तल भएका प्रश्नहरूको उत्तर दिनु होस् ।**

**106. व्याकरण सिकाउनका लागि निम्नलिखित मध्ये कुन चाहिं प्रभावकारी तरिका हो ?**

(1) व्याकरणका नियमहरू सिकाउनु अनि उदाहरणहरू दिनु

(2) पाठको अनुवाद गर्दा व्याकरणका नियमहरू सिकाउनु

(3) निश्चित व्याकरण-पुस्तक प्रयोग गरी व्याकरण सिकाउनु

(4) नियमहरू पत्तो लगाउने परिवेशको सिर्जना गरेर व्याकरण सिकाउनु

**107. 'सामाजिक अन्तरक्रिया' को अवधारणा कससित सम्बन्धित छ ?**

(1) पाणिनि

(2) स्किनर

(3) भैगोत्स्की

(4) कोह्लवर्ग

**108. निम्नलिखित मध्ये कुन चाहिं कुराले नानीहरूलाई भाषा आर्जन गर्न सहयोग पुर्‍याउँछ ?**

(1) घरेलु परिवेश, जहाँ नानीलाई धेरै बोल्न दिइँदैन

(2) घरमा अनि वरियरिका ठाउँमा वयस्कहरूको गफ सुन्नु

(3) नानीहरूलाई सही उच्चारण/वाक्यहरू दोहोर्‍याउन लगाउनु

(4) अरू नानीहरूसित खेल्नु

**109. कुन कुराप्रति खुलस्त भएमा नानीहरू प्राकृतिक रूपले भाषा आर्जन गर्न सक्छन् ?**

(1) एकपल्ट केवल एउटा भाषा

(2) नजिकैको परिवेशमा रहेका एउटा भन्दा धेर भाषा

(3) निरन्तर रूपले विद्युतीय तथा छापा माध्यम

(4) सिक्ने भाषाको व्याकरणिक संरचना

**110. एउटा पाठ पठनका लागि निम्नलिखित मध्ये कुन अत्यन्त महत्त्वपूर्ण रहन्छ ?**

(1) पाठका प्रत्येक शब्द पढ्नु

(2) विरामादि चिन्हमा केन्द्रित रहनु

(3) लिखित पाठको अर्थ बुझ्नु

(4) स्पष्ट उच्चारणका साथ जोड जोडले पढ्नु

**111. निम्नलिखित मध्ये कुन चाहिं भाषा शिक्षणको उद्‌देश्य होइन ?**

(1) बोध सँगसँगै पढ्ने योग्यता

(2) प्रयत्नका साथ विचारहरूको अभिव्यक्ति

(3) सुनेका कुराहरू बुझ्ने दक्षता

(4) सङ्गतिपूर्ण लेखनमा विकास

**112. ध्वनिगत सचेतता कुन कुरासित अत्यधिक सह–सम्बन्धित छ ?**

(1) सुन्ने योग्यता

(2) बोल्ने योग्यता

(3) पढ्ने योग्यता

(4) लेख्ने योग्यता

**113. नोम चोम्स्कीका अनुसार नानीहरूमा भाषा __________ को जन्मजात क्षमता रहन्छ ।**

(1) अधिग्रहण

(2) अनुकरण

(3) रूपान्तरण

(4) अनुवाद

**114. भाषा कौशल कसरी सिकाउनु पर्दछ ?**

(1) अनुकरणद्वारा

(2) पृथक रूपमा

(3) विस्तृत विवरणका साथ

(4) एकीकृत ढङ्गमा

**115. शिक्षक सिकारुहरूलाई कोर्न अनि रङ भर्न प्रेरित गर्छिन् । उनी के गरिरहेकी छन् ?**

(1) कक्षामा मौनता ल्याउन सिकारुहरूलाई व्यस्त राख्ने कार्य

(2) राम्रोसित मोटर कौशलको विकास गर्ने कार्य

(3) फक्रिँदै गरेका बाल कलाकारहरूलाई अवसर दिने कार्य

(4) केवल विद्यार्थीहरूलाई कुनै काममा संलग्न गराउने कार्य

**116. कथ्य भाषा कौशलको विकास गर्न तलका मध्ये कुन अभ्यासले अत्यधिक सहयोग पुऱ्याउँछ ?**

(1) व्यक्तिगत रूपले अनि समूहमा कविता आवृत्ति गर्नु

(2) भूमिका खेलमा भाग लिनु

(3) पाठ्य पुस्तकको एउटा अध्याय शिक्षकलाई पछयाउँदै समूहमा पढ्नु

(4) शिक्षकलाई पछयाउँदै समूहमा शब्दहरूका सही उच्चारण गर्ने अभ्यास गर्नु

**117. कक्षा–III की शिक्षक विद्यार्थीहरूलाई अध्यायमा भए अनुसार उपयुक्त क्रम मिलाएर कथालाई शृङ्खलाबद्ध गर्न लगाउँछिन् । यस क्रियाकलापले केमा सहयोग पुऱ्याउँछ ?**

(1) पठनबोध

(2) वोधगम्य निवेश

(3) उनीहरूमा लेखन कौशलको विकास

(4) विद्यार्थीहरूको गफ गर्ने समयमा वृद्धि

**118. कक्षा–II का शिक्षकले कक्षामा भएका चिनबिजहरूमा लेबल लगाउँछन् । यसले विद्यार्थीहरूलाई लिखित शब्द र वास्तविक चिजबिजका माझ सम्बन्ध स्थापित गर्न सहयोग पुऱ्याउँछ । यस किसिमका कार्यले विद्यार्थीहरूमा कुन कुराको विकास गर्न पनि सहयोग गर्छ ?**

(1) व्याकरण

(2) लेखन कौशल

(3) शब्द भण्डार

(4) हस्तलिपि

**119. कुनै नानीको भाषा प्रवीणताको मूल्याङ्कन गर्न यी मध्ये कुन चाहिं थोरै प्रभावकारी हुन्छ ?**

(1) कथा वाचन

(2) कथा लेखन

(3) कुनै घटनाको विवरण दिनु

(4) श्रुतिलेखन

**120. विद्यार्थीहरूमा भाषा क्षमताको विकास गर्न निम्नलिखित मध्ये कुन चाहिं प्रश्न सर्वाधिक उपयोगी हो ?**

(1) आफूलाई सर्वाधिक मन परेको किताबको नाम लेख

(2) 'छान्नु' शब्दको प्रयोग गरी वाक्य बनाऊ

(3) तिमी अनि तिम्री आमाका बिच भएको कुराकानी लेख

(4) आफूले पढेको कविताका कविको नाउँ लेख

परीक्षार्थीहरूले **भाषा-II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part-V** (**प्रश्न** 121-150) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

Candidates should attempt the questions from **Part-V (Q.No. 121-150),** if they have opted **NEPALI** as **LANGUAGE - II** only.

# भाग – V
## भाषा – II
## नेपाली

परीक्षार्थीहरूले **भाषा-II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले Part-V (**प्रश्न** 121-150) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 121-128) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।**

कृष्णवीर र हरिभक्त दुवै गाडीको झ्यालबाट बाहिर हेरिरहेका थिए । कृष्णवीरलाई म निकै बाठो छु भन्ने घमण्ड थियो । त्यो भन्न लाग्यो, "लौ ऊ त्यो हेर, धानको लहलह बाला । लौ उता हेर, जम्मै पाटको खेत । यहाँ हेर, यो कोठेबारीमा घामको उज्यालोसम्म पस्न नदिने गरी बारेर के राखेको भन्ठान्छौ ? जम्मै पानीका खेत हुन् । यसरी बारेर राख्नु पर्छ ।" हरिभक्त विचरा यी जम्मै नौलो चिज देखी छक्कै पऱ्यो । गाडी बाटाको स्टेसनमा एकछिन अडियो । एउटा मानिस हातमा सानो टिनको बाकस लिएको तिनीहरूको डब्बामा पस्यो र पछाडिपट्टि गएर बस्यो । को हो कहाँ जाने इत्यादि कुरा जान्ने दुवैलाई चासो थिएन तर गाडी छुट्नासाथ 'तानसेन गोली, तानसेन गोली' – ले ती दुवैको ध्यान आकर्षित गऱ्यो । त्यो भर्खर मात्र चढेको मानिस टिनको बाकसबाट ससाना सिसीहरू निकाली भन्न लागेको थियो, "तानसेन गोली – पञ्जाबका बना हुआ, मुह में आप एक गोली रखे तो खुसबु आने लगेगी, मिजाज खुस हो जायेगा । बडी सिसीका आठ आने, छोटी सिसीका चार आने । लिजिए बाबुजी टेस्ट किजिए ।" कृष्णवीरले ससाना दुईवटा रातो गोली थापेर खायो औ मागेर हरिभक्तलाई पनि दियो ।

**121. 'कृष्णवीरलाई म निकै बाठो छु भन्ने घमण्ड थियो ।' – यस वाक्यमा प्रयुक्त विशेषण कुन अवस्थाको छ ?**

(1) सामान्य

(2) उच्च

(3) तुलनात्मक

(4) अतिउच्च

**122. कृष्णवीर र हरिभक्त कुन किसिमको वाहनमा यात्रा गरिरहेका थिए ?**

(1) मिलिटेरी ट्रक गाडीमा

(2) रेल गाडीमा

(3) बस गाडीमा

(4) पुलिस भ्यानमा

**123. अनुच्छेदमा 'बाबुजी' भनेर कसलाई सम्बोधन गरिएको छ ?**

(1) यात्रा गरिरहेका सबैलाई

(2) सोही फेरिवालको साथीलाई

(3) कृष्णवीर र हरिभक्त दुवैलाई

(4) कृष्णवीरलाई

**124. 'मिजाज खुस हो जायेगा' भनेको के हो ?**

(1) मुख रसाएर आउँछ

(2) खाइरहन मन लाग्छ

(3) टाउकोमा घाम लाग्छ

(4) चित्त प्रसन्न हुन्छ

**125. 'भन्ठान्छौ' कुन किसिमको क्रियापद हो ?**

(1) सरल

(2) संयुक्त

(3) नामधातुबाट निर्मित

(4) प्रेरणार्थक

**126. कृष्णवीरले हरिभक्तलाई झ्यालबाट देखाएको ठाउँ कस्तो हो ?**

(1) समतलको विस्तारित बाँझो फाँट

(2) डाँडा-काँढा, पहाड, पोखरी भएको ठाउँ

(3) समतलको उर्वर खेत-बारी

(4) बारेर राखेको पानीको पोखरी

**127. 'आकर्षित' को विपरीतार्थक शब्द कुन हो ?**

(1) विकर्षित

(2) स्पर्शित

(3) कलुषित

(4) प्रत्यासित

**128. उपर्युक्त कथांशमा कतिजना पात्रको उल्लेख भएको छ ?**

(1) दुईजना

(2) तीनजना

(3) चारजना

(4) पाँचजना

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 129-135) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।**

शिक्षाका क्षेत्रमा चलचित्र खुबै उपयोगी छ । हाम्रो जस्तो देशमा शिक्षा प्रचार गर्नमा चलचित्रलाई सुगमतासित प्रयोग गर्न सकिन्छ । चलचित्रको माध्यमद्वारा दिइएको शिक्षा चाखलाग्दो र प्रभावपूर्ण हुन्छ । समाजमा प्रचलित कुनियम, कुसंस्कार र कुआदतहरू चलचित्रद्वारा प्रदर्शन गरी त्यसको निर्मूल र सुधारतर्फ मानिसहरूको ध्यान आकर्षित गर्न सकिन्छ । पछौटे देशहरूमा चलचित्र निर्माताहरूलाई चलचित्र मनोरञ्जनका निम्ति मात्र निर्माण नगरेर जन-शिक्षाका निम्ति पनि निर्माण गर्नु पर्छ भनी सरकारले शैक्षिक चित्रहरूको निर्माणमा प्रोत्साहन दिनु आवश्यक छ । पाश्चात्य देशहरू, विशेष रुसमा मजदुर अनि किसानहरूलाई शिक्षा प्रदान गर्ने धारणाले असङ्ख्य चित्रहरूको निर्माण भएको छ । विद्यालय अनि महाविद्यालयका विद्यार्थीहरूलाई उपयोगी अनेक विभिन्न विषयी चित्र पाश्चात्य देशहरूमा बर्सेनि अनगन्ती बनाइन्छन् । शैक्षिक अनि सूचनायुक्त चित्र मानिसको ज्ञान भण्डारको वृद्धिमा खुबै उपयोगी सिद्ध हुन्छ । चलचित्रद्वारा पाइने शिक्षालाई व्यावहारिक शिक्षा भने अत्युक्ति हुने छैन ।

**129. कुनै विषयबारे चलचित्रले मानिसलाई कुन किसिमको सूचना तथा ज्ञान प्रदान गर्छ ?**

(1) दीर्घस्थायी, पारिवारिक र सांस्कृतिक

(2) व्यावहारिक, शैक्षिक र राजनैतिक

(3) व्यावहारिक, सांस्कृतिक र शैक्षिक

(4) मनोहारी, व्यावहारिक र प्रभावकारी

**130. 'सुगमतासित' कुन वर्गको पद हो ?**

(1) संज्ञा

(2) विशेषण

(3) क्रियायोगी

(4) नामयोगी

**131. शैक्षिक चित्रहरूको निर्माणमा सरकारले प्रोत्साहन दिनु किन आवश्यक छ ?**

(1) मनोरञ्जन प्रदान गर्नका निम्ति

(2) मानिसहरूसम्म पुग्ने यो सबैभन्दा कम खर्चालु साधन भएकाले

(3) जनसाधारणलाई सूचित र शिक्षित तुल्याउनका निम्ति

(4) विद्यालयको शिक्षाभन्दा यो सहजसाध्य भएकाले

**132. तलका मध्ये कुन चाहिँ अव्यय पद हो ?**

(1) बर्सेनि

(2) पछौटे

(3) सूचनायुक्त

(4) उपयोगी

**133. अनुच्छेदबाट कुन कथ्य प्राप्त गर्न सकिन्छ ?**

(1) चलचित्र समाज-सुधारका निम्ति उपयोगी हुन सक्छ ।

(2) हाम्रो जस्तो देशमा चलचित्र निर्माणमा सरकारी सहुलियत प्राप्त हुन्न

(3) चलचित्र साधारण मानिसका लागि अनुपयोगी कुरा हो

(4) कुनियम, कुसंस्कार र कुआदतहरू चलचित्रले प्रदर्शन गर्छ

**134. 'निर्मूल' शब्दको निर्माण सन्धि प्रक्रियाद्वारा भएको छ भने त्यसको विग्रह कस्तो हुन्छ ?**

(1) निर् + मूल

(2) निष् + मूल

(3) निरा + मूल

(4) निः + मूल

**135. अनुच्छेदमा चलचित्रको उपादेयतालाई कुन रूपमा हेरिएको छ ?**

(1) कुआदतहरूको प्रदर्शन र प्रसार गर्ने माध्यम

(2) शिक्षा प्रचार–प्रसार गर्ने माध्यम

(3) सरकारी सहुलियत प्राप्त गर्ने माध्यम

(4) साधारण मानिसका लागि आर्थिक सुधारको माध्यम

**निर्देश : उपयुक्त विकल्पको चयन गरी तल भएका प्रश्नहरूको उत्तर दिनु होस् ।**

**136. नानीको भाषा अधिग्रहणका लागि तलका मध्ये कुन चाहिँले महत्त्वपूर्ण भूमिका खेल्छ ?**

(1) शिक्षक

(2) परिवार

(3) स्कुल

(4) मिडिया

**137. व्याकरणका नियमहरू कण्ठस्थ गर्नु कुन चाहिं पद्धतिको बीजकोष हो ?**

(1) संरचनात्मक विधि

(2) प्रत्यक्ष पद्धति

(3) व्याकरण अनुवाद पद्धति

(4) प्राकृतिक विधि

**138. कुनै भाषा सिक्दा निम्नलिखित मध्ये कुन चाहिं महत्त्वपूर्ण छैन ?**

(1) प्रेरणा

(2) आत्मविश्वास

(3) सिकाइप्रतिको अभिवृत्ति

(4) अनुवाद

**139. एकजना शिक्षकका रूपमा नानीहरूलाई लेख्न सिकाउँदा तपाईँ के गर्नु हुन्छ ?**

(1) नानीहरूलाई भाषाका वर्णहरू लेख्न लगाउनु

(2) नानीहरूलाई आफ्ना विचारहरू लेख्ने अवसर दिनु

(3) नानीहरूलाई पहिले कण्ठस्थ गर्न अनि पछि स्पष्ट हस्तलिपिमा एउटा अनुच्छेद लेख्न लगाउनु

(4) नानीहरूलाई श्यामपटबाट वर्णहरू नोट गर्न अवसर दिनु

**140. विद्यार्थीहरूका लागि अध्ययन–अध्यापन सामग्री (TLM) को चयन गर्न निम्नलिखित कुन चाहिँ बुँदा महत्त्वपूर्ण रहन्छ ?**

(1) यो नजिकैको बजारमा उपलब्ध हुनु पर्छ ?

(2) यो धेरै महँगो हुनु हुँदैन

(3) यो विद्यार्थीहरूद्वारा नै निर्मित हुनु पर्दछ

(4) यो प्रासङ्गिक हुनु पर्छ अनि सङ्घटित रूपमा प्रयोग यसको हुनु पर्छ

**141. कक्षा-II का केही विद्यार्थीहरूलाई केही स्वनिमहरूको उच्चारण गर्न गाह्रो पर्छ । विद्यार्थीहरूको यस कठिनाइको समाधान गर्न तलका मध्ये कुन नीति सर्वाधिक प्रभावकारी रहन्छ ?**

(1) शिक्षकले मानव मुखको मोडल प्रयोग गरेर स्वनिम उत्पादनमा संलग्न उच्चारण स्थान वा विन्दुलाई देखाउनु पर्छ

(2) शिक्षकले लघुतम युग्म क्रिया जस्तै अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग गर्नु पर्छ आनि सबै शब्दका स्वनिमको रचना गर्न अनि तिनलाई चिन्न लगाउनु पर्छ

(3) जोड जोडसित पाठ पढेर स्वनिमको प्रयोगलाई अधोरेखित गरी व्याख्या गर्नु पर्छ

(4) उनीहरूलाई ड्रिल अनि अभ्यास गर्न लाउनु पर्छ जसले गर्दा घरिघरि दोहोऱ्याएर उनीहरू आफ्ना कठिनाइहरूलाई परास्त गर्न सकून्

**142. व्याकरणका नियमहरूलाई केन्द्रमा राखेर त्यसमा आधारित धेरै उदाहरण प्रस्तुत गर्ने शिक्षण पद्धतिलाई के भनिन्छ ?**

(1) आगमनात्मक पद्धति

(2) निगमनात्मक पद्धति

(3) व्याकरण अनुवाद पद्धति

(4) प्रत्यक्ष पद्धति

**143. सिकारुहरूले कसरी भाषा आर्जन गर्छन् ?**

(1) स्वाभाविक अन्तरक्रियात्मक परिवेशमा भाषाको प्रयोग गरेर

(2) भाषाका संरचनाको विश्लेषण गरेर

(3) त्यस भाषाको साहित्य पढेर

(4) त्यस भाषाका वक्ताहरूको संस्कृतिबारे जानेर

**144. निम्नलिखित मध्ये कुन चाहिँ उत्तम मोटर कौशल विकासको दृष्टान्त हो ?**

(1) चढ्नु

(2) उफ्रिनु

(3) लेख्नु

(4) पढ्नु

**145. शिक्षकले सोधेका निम्नलिखित मध्ये कुन चाहिं प्रश्नले कुनै कक्षामा बहुभाषिकतालाई प्रवर्द्धित गर्छ ?**

(1) फकुन्डो कति माथि उड्न सक्छ ?

(2) आफ्नो भाषामा सब्जीहरूका नाउँ लेख ।

(3) तिमीकहाँ पाल्तु जनावर छ ?

(4) तिमीले वर्णहरू लेख्यौ ?

**146. साना कक्षामा अन्त्यानुप्रासको प्रयोग गर्नु पर्छ, किनभने –**

(1) यसले विद्यार्थीहरूलाई लक्ष्य भाषा बोल्ने मौका दिन्छ

(2) यसले विद्यार्थीहरूलाई अनुशासनमा राख्छ

(3) यसले विद्यार्थीहरूलाई लक्ष्य भाषाको व्याकरण सिक्न सहयोग गर्छ

(4) यसले विद्यार्थीहरूलाई कठिन शब्दहरूको व्याख्या गर्न अनि वाक्य बनाउन सहायता गर्छ

**147. शिक्षक कक्षामा क्रियाकलाप गराउने निधो गर्छिन् । उनी केही गहन प्रश्नहरू सुन्न लगाएर विद्यार्थीहरूमा रुचि जगाउन र परिचर्चा गराउनका लागि केही मथिङ्गल मन्थन कार्य योजना बनाउँछिन् । यी तयारी केका लागि हुन् ?**

(1) श्रवण–पूर्व क्रियाकलाप

(2) सुन्दै गर्दा गरिने क्रियाकलाप

(3) श्रवण–उत्तर क्रियाकलाप

(4) श्रवण क्रियाकलापलाई अझ विकसित तुल्याउनु

**148. भाषा कक्षामा पोस्टरहरूको प्रयोगबारे तलका मध्ये कुन सही होइन ?**

(1) यसले नानीहरूलाई चित्र हेर्ने अवसर दिन्छ

(2) यसले नानीहरूलाई आफै अभिव्यक्त गर्न अनि चित्रका आधारमा लेख्न अवसर दिन्छ

(3) यसले उनीहरूलाई काल्पनिक जगत्मा ठाउँ दिन्छ अनि नानीहरूलाई कक्षामा सिर्जनात्मक हुने अवसर दिन्छ

(4) यसले उनीहरूलाई सुन्ने कौशलको विकास गर्ने अवसर दिन्छ

**149. अभ्युदय (इमर्जेन्ट) साक्षर अवस्थामा के पनि लेखन अन्तर्गत पर्दछ ?**

(1) वर्ण बनाउनु

(2) शब्दहरू लेख्नु

(3) वाक्य बनाउनु

(4) रेखा कोर्नु

**150. विद्यार्थीहरूका भाषा प्रयोगको मूल्याङ्कनका लागि निम्नलिखित मध्ये कुन चाहिं सर्वाधिक महत्त्वपूर्ण रहन्छ ?**

(1) चेक लिस्ट

(2) रेटिङ स्केल

(3) पोर्टफोलियो

(4) अन्तरक्रिया

SPACE FOR ROUGH WORK

**SPACE FOR ROUGH WORK**

**तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस**

1. प्रश्नहरूका उत्तर कुन प्रकारले दिनुपर्ने हो भन्नेबारे उत्तर-पुस्तिकामा राम्ररी बुझाइएको छ, उत्तर दिनुभन्दा अघि ती राम्ररी पढ्नुहोस् ।
2. OMR को दोस्रोपातोमा दिइएका चार वैकल्पिक प्रश्नहरूमध्ये केवल एउटा शुद्ध उत्तरलाई निलो/कालो बलपेनले कालो पार्नुहोस् । एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्याउन पाइने छैन ।
3. परीक्षकले उत्तर पुस्तिका पल्टाइ वा भाँचभुच गर्न पाउने छैनन् । कुनै पनि उत्तरमाथि कोरकार नगर्ने । निर्दिष्ट गरेबाहेक अन्यत्र कतै आफ्नो रोलनम्बर नलेख्ने ।
4. परीक्षा पुस्तिकालाई विशेषरूपले ध्यान दिनु । कुनै कारणवश परीक्षा पुस्तिका यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ ।
5. परीक्षार्थीले दिइएको परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नुपर्ने छ ।
6. OMR उत्तर पुस्तिकामा दिइएका सूचनादि जाँच गर्ने र पढ्ने काम यन्त्रद्वारा गरिने हुँदा कुनै पनि सूचना अधुरो नरहोस् अनि प्रवेश पत्रमा दिइएको सूचनाभन्दा भिन्न पनि नहोस् ।
7. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामाग्री आदि ल्याउन पाउने छैनन् ।
8. मोबाइल फोन, वायरलेस संयन्त्र (स्विच अफ गरिएकै अवस्थामा भए पनि) अनि अन्य वर्जित वस्तुहरू परीक्षा कक्ष/हलमा ल्याउन पाइने छैन । यस निर्देशको पालना नगरिएमा परीक्षा नियमको पालना नगरिएको ठहर गरी कार्वाही गरिनेछ, जसमा परीक्षा नै रद्द हुने कुरासम्म संलग्न छ ।
9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेशपत्र देखाउनुपर्ने छ ।
10. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोडन सक्ने छैनन् ।
11. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोडन पाउने छैनन् । परीक्षा भवन छोड्नु अघि निरीक्षकपत्र, उपस्थितिपत्र आदिमा हस्ताक्षर गर्नुपर्नेछ ।
12. कुनै पनि विद्युतीय उपकरण राख्न निषेध छ ।
13. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ । कुनै तरीकाले नियम उलङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ ।
14. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा फटाउन पाइने छैन ।
15. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोडन पाइने छ । परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन् ।**

**निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :**

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें ।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **काले/नीले बॉल पॉइन्ट पेन** से भरें । एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है ।
3. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ । परीक्षार्थी अपना अनुक्रमांक उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें ।
4. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के संकेत या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी ।
5. परीक्षा पुस्तिका / उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका संकेत व संख्या को परीक्षार्थी सही तरीके से हाज़िरी-पत्र में लिखें ।
6. OMR उत्तर पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी । इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश-पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए ।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-पत्र के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है ।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्वीच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए । इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और उनके विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित ।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें ।
11. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं हाज़िरी-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे । यदि किसी परीक्षार्थी ने दूसरी बार हाज़िरी-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा । **परीक्षार्थी अपने बाएँ हाथ के अंगूठे का निशान हाज़िरी-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ ।**
12. इलेक्ट्रॉनिक / हस्तचालित परिकलक का उपयोग वर्जित है ।
13. परीक्षा हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी बोर्ड के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं । अनुचित साधनों के सभी मामलों का फैसला बोर्ड के नियमों एवं विनियमों के अनुसार होगा ।
14. किसी हालत में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें ।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी हॉल / कक्ष छोड़ने से पूर्व उत्तर पत्र कक्ष-निरीक्षक को अवश्य सौंप दें । परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं ।**

**READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY:**

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Black/Blue Ball Point Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
4. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet / Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the examination halls/rooms. Failing to comply with this instruction, it will be considered as using unfair means in the examination and action will be taken against them including cancellation of examination.
9. Each candidate must show on demand his / her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his / her seat.
11. The candidates should not leave the Examination Hall/Room without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where a candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic / Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Board with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Board.
14. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Hall / Room. *The candidates are allowed to take away this Test Booklet with them.***